# भूमे गाउँपालिका
# गाउँसभा बैठकमा

## गाउँपालिका अध्यक्ष श्री होम प्रकाश श्रेष्ठद्वारा प्रस्तुत

आर्थिक वर्ष २०८२/०८३ को

## नीति तथा कार्यक्रम

भूमे गाउँपालिका

खाबाङबगर, रुकुम (पूर्वी भाग)

९ आषाढ २०८२

**गाउँसभा सदस्यहरु,**

**राष्ट्रसेवक कर्मचारी, पत्रकार तथा यहाँ उपस्थित सम्पूर्ण महानुभावहरु,**

सर्वप्रथम म भूमे गाउँपालिकाको तर्फबाट सबैमा हार्दिक अभिवादन एवम् स्वागत गर्दछु । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानबाट स्थापित भूमे गाउँपालिकाका नागरिकहरुको प्रतिनिधिमुलक गरिमामय गाउँसभाको यस बैठकमा आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु ।सम्मानित गाउँसभामा भूमे गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मैले गौरबको अनुभूति गरेको छु ।

यस अवसरमा म नेपालमा प्रजातन्त्र, लोकतन्त्र, नागरिक सर्वोच्चता र सुशासन कायम गर्न इतिहासको विभिन्न कालखण्डमा भएका प्रजातन्त्रिक तथा राजनीतिक क्रान्ति, न्यायपूर्ण आन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिकारी जनयुद्वको गौरवपूर्ण इतिहासलाई स्मरण र सम्मान गर्दै नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता, राष्ट्रिय हित र लोकतन्त्रका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने महान शहीदहरु प्रति उच्च सम्मान सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।साथै, विभिन्न आन्दोलनका नेतृत्वहरु, योद्वाहरु, वीरहरु, बिरङ्गनाहरु, घाइते अपाङ्ग वेपत्ता लगायत सम्पूर्ण योद्धाहरुको अतुलनीय योगदान,त्याग, तपस्या बलिदानको उच्च सम्मान गर्न चाहान्छु ।

**गाउँसभा सदस्यहरु,**

समृद्ध भूमे गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका बासिको समृद्धिको चाहना र जनतासामु हामीले गरेका प्रतिवद्धता पुरा गर्नेतर्फ हामीले आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रमलाई उन्मुख गरेका छौ ।

दिगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायू उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत सफा र हरियाली समृद्ध भूमे भन्ने दिर्घकालिन सोचको लक्ष्य हाँसिल गर्न उत्पादनशिल, शिक्षित र मर्यादित रोजगारीको अवसर प्राप्त गरी पर्याप्त आय आर्जन गर्ने सूखी

नागरिक भइ बसोबास गर्ने स्वच्छ सुन्दर पर्यटकिय आत्मनिर्भर समृद्ध भूमे गाउँपालिका निर्माण गर्ने तर्फ वार्षिक नीति तथा कार्यक्रमलाई लक्षित गरिएको छ ।
गुणस्तरीय पूर्वाधार निर्माण, कृषि पेशामा संलग्न नागरिकको आय आर्जनमा बद्धि, शिक्षा क्षेत्रको गुणात्मक सुधारमार्फत दक्ष जनशक्ति उत्पादन, आधारभुत स्वास्थ्य सेवाको ग्यारेन्टी, आकस्मिक स्वास्थ्य सेवाको प्रवन्ध, उत्कृष्ट पर्यटकीय क्षेत्रको रुपमा गाउँपालिकाको विकास तथा सुदृढ र सरलिकृत सार्वजनिक सेवा प्रवाह यस नीति तथा कार्यक्रमको प्राथमिकतामा रहेका छन।

सुशासन, सामाजिक न्याय र समृद्धि हासिल गर्ने सोह्रौ योजनाको सोंच अनुरुप भूमे गाउँपालिकाको आवाधिक विकास योजना, वार्षिक विकास योजना, वार्षिक नीति तथा कार्यक्रम तथा बजेट तय गर्नुपर्ने हुन्छ । सोह्रौ योजना, दिर्घकालिन सोंच २१००, दिगो विकास लक्ष्यले निर्दिष्ट गरेका गन्तव्य, नेपालको संविधानमा उल्लेखित निर्देशक सिद्यान्त तथा नीतिहरु, स्थानीय सरकार सञ्चालन ऐनले तोकेका काम, कर्तव्य र अधिकार, संघ, प्रदेश सरकारको आवाधिक योजना, नीति तथा कार्यक्रम र बजेटलाई आधार मानी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

**गाउँ सभा सदस्यहरु,**

भूमे गाउँपालिकाको सरकारको रुपमा जिम्मेवारी लिएदेखि नै गाउँपालिकाको सार्वजनिक सेवा प्रवाहलाई जनमुखी, जवाफदेही, पारदर्शि समावेशी तथा जनसहभागितामुलक बनाइ त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउन कानूनको शासन, भष्ट्रचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रिकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभुत मान्यतालाई आत्मसाथ गरी सर्वसाधारणले पाउनुपर्ने सेवा छिटो छरितो तथा कम खर्चिलो ढंगबाट पाउने अवस्था सृजना गर्न सुशासन पाउने नागरिकको अधिकारलाई व्यवहारमा उतारी कार्यान्वयनमा ल्याउन र प्रशासन संयन्त्रलाई सेवा प्रदायक संयन्त्र तथा सहजकर्ताको रुपमा रुपान्तरण गरी गाउँपालिकालाई सुशासनको विम्बको रुपमा स्थापना गर्नतर्फ हामी निरन्तर लागिरहेका छौ ।

गाउँपालिकाको समग्र आर्थिक, सामाजिक, पूर्वाधार, वातावरणीय, विपद् जोखिम न्यूनिकरण, वातावरण संरक्षण र समग्र संस्थागत विकासका लागि आवश्यक नीतिगत तथा संस्थागत पूर्वाधारहरु तयार गरी सन्तुलित विकासलाई जोड दिएका छौ।

गाउँपालिकाले लिएका दुरगामी सोंच तथा कार्यक्रमलाई सफल बनाउने जिम्मेवारीका साथै जिल्लाको साझा सरोकार, अन्तरपालिका समन्वय र सहकार्य तथा आपसी एकतालाई मजबुत बनाउने साझा सरोकारका आयोजनामा अन्तरपालिका साझेदारीमार्फत न्यून लागतमा अधिकतम् उपलब्धि हासिल हुने आयोजना सञ्चालनमा पनि जोड दिएका छौ ।

नागरिकका लागि विकास भन्ने नाराका साथ विकासका गतिविधिमा समन्यायिक वितरण र सबै नागरिकको सहभागितालाई केन्द्रविन्दु बनाइएको छ। प्रतिव्यक्ति आयमा वृद्धि, शैक्षिक गुणस्तर र गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच वृद्धि गर्दै समग्र मानव विकासको पक्षमा जोड दिइएको छ।

तहगत अन्तरसम्बन्ध, निकायगत समन्वय र क्षेत्रगत साझेदारीमार्फत सन्तुलित, समन्यायिक र समावेशी विकासलाई जोड दिइएको छ। स्थानीय उत्पादन वृद्धि, उद्यमशिलता र बजारीकरणको क्रमिक विकासले रोजगारी र आर्थिक विकासमा टेवा पुऱ्याएको छ।

आर्थिक विकासका प्रमुख पक्षहरु कृषि, पशुपालन उद्योग, पर्यटन क्षेत्रमा अपेक्षित विकास हुँन नसके पनि आधारभुत पूर्वाधार निर्माण, व्यावसायिकता प्रवर्द्धन जस्ता कार्यहरुले यि क्षेत्रमा नयाँ आयाम र सम्भावना थपिएका छन् ।

नागरिकको नजिकको सरकारको रुपमा स्थापित यस गाउँपालिका अन्तरगत रहेका ९ वटा वडा कार्यालय, विषयगत शाखा, इकाई तथा कार्यालयबाट प्रशासनिक सेवा छिटो, छरितो र प्रभावकारी ढङ्गले प्रवाह हुने व्यवस्था मिलाइएको छ। नियमित कार्यसम्पादन तथा सेवा प्रवाहका लागि दरबन्दी बमोजिम पदपूर्ति नभए पनि उपलब्ध जनशक्तिलाई दक्ष, सीपयुक्त र कार्यजिम्मेवारी प्रति समर्पित बनाउन जोड दिइएको छ।

पूर्ण सरसफाईउन्मुख गाउँपालिका अभियान, वातावरणमैत्री गाउँपालिका अभियान, हरेक टोल पृथक उत्पादन, विशेषता र पहिचान अभियान, पोषणमैत्री स्थानीय शासन, बालमैत्री स्थानीय शासन, डिजिटल गाउँपालिका निर्माण अभियान, लैंगिक तथा जातीय विभेदमुक्त गाउँपालिका अभियान, सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर वृद्धि अभियान, पूर्ण खोपयुक्त गाउँपालिका, गुणस्तरीय स्वास्थ्य सेवा, मानव पूँजी निर्माण, अर्गानिक उत्पादनः भूमेको पहिचानजस्ता अभियानमुखी कार्यक्रमबाट गाउँपालिकालाई नमूना र समृद्ध बनाउनेतर्फ अग्रसर छौं ।

**गाउँसभा सदस्यहरु,**

मध्यपहाडी लोकमार्ग र शहीद मार्ग जस्ता राष्ट्रिय राजमार्गको पहुँच, सक्रिय जनसंख्याको हिस्सा ठूलो हुनु, अर्गानिक जिल्लाको पहिचान , तामा, फलाम, सिसा, मार्बल, स्लेट लगायतका खनिज र वन जस्ता प्राकृतिक स्रोतको उपयोगको प्रचुर सम्भावना हुनु, भाषा संस्कृति र परम्परागत मौलिकता, सूचना तथा सञ्चार प्रविधिप्रतिको सचेतना, अधिकारसम्पन्न स्थानीय सरकारलाई बजेट तथा योजनाको अधिकार हुनु, देश तथा विदेशमा रहनुभएका भूमेली नागरिकहरुको एकता, उत्सुकता र योगदान तथा साथ रहनु, पर्यापर्यटन र सांस्कृतिक पर्यटनको प्रशस्त सम्भावना हुनु, तहगत सरकार र विकास साझेदारहरुको चासो र प्राथमिकता हुनु गाउँपालिकाको समग्र विकासका लागि ठूलो अवसर छ ।

विकास र सेवामा नागरिकका तीव्र अपेक्षा बीच सन्तुलन कायम गर्नु, प्रभावकारी सेवा प्रवाह गर्नु, संस्थागत र नेतृत्वगत दक्षता, क्षमता र सीपको विकास गर्नु, विकासमा जनसहभागिता सुनिश्चित गर्नु, स्थानीय साधन स्रोतको समुचित उपयोग र वितरण गर्नु, तहगत सरकारहरु बीच समन्वय र सहकार्य सुनिश्चित गर्नु, आन्तरिक राजस्व वृद्धि गर्नु, आवश्यक नीति तथा कानून निर्माण गर्नु, समयमै विकास निर्माणका पूर्वाधारहरु निर्माण गर्नु, वस्तीस्तरको माग र गाउँपालिकाको रणनीतिक योजना बीच तालमेल मिलाउनु, आयोजनाको छनौट र प्राथमिकरण गर्नु, विनियोजनमा कुशलता प्रर्दशन गर्नु, कार्यान्वयन दक्षता बढाउनु, सुशासन प्रवर्द्धन गर्नु जस्ता चुनौतिहरु हाम्रा सामु छन् ।

आन्तरिक उत्पादन र उत्पादकत्व वृद्धि गर्नु, सार्वजनिक निर्माणमा गुणस्तरीयता र दिगो संरक्षणको सुनिश्चित गर्नु, विकास आयोजना कार्यान्वयन क्षमता अभिवृद्धि गर्नु, स्थानीयस्तरमा रोजगारी सिर्जनामार्फत यूवाहरुलाई गाउँमै फर्काउनु, आर्थिक तथा सामाजिक विकास गर्नु, बैंक तथा वित्तीय संस्थाको वृद्धि तथा वित्तीय साक्षरतामार्फत औपचारिक अर्थतन्त्रको विकास गर्नु, सूचना तथा सञ्चार प्रविधिको विकास तथा साक्षरता वृद्धि गर्नु जस्ता चुनौतिहरु रहेका छन् ।

**गाउँसभा सदस्यहरु,**

भूमे गाउँपालिकाभित्र थुप्रै अवसर र सम्भावनाहरु रहेका छन । सकारात्मक सोंचका साथ अगाडी बढ्दै समृद्ध भूमे निर्माण गर्न सकिने धेरै सम्भावनाहरुको विचबाट भूमे गाउँपालिकामा

भएका सिमित स्रोत साधनहरुलाई भरपुर उपयोग गर्दै संघीय सरकार, प्रदेश सरकार र अन्य विकास साझेदार निकायहरु सँग समन्वय तथा सहकार्य गर्दै गाउँपालिकाले लिएका लक्ष्यहरु पुरा गर्न ठुला तथा मझौला आयोजना, योजना, कार्यक्रम तथा परियोजनालाई योजनाबद्ध तरिकाले विकास गर्न आवश्यक छ ।

सेवा प्रवाहलाई थप प्रभावकारी बनाइ सुशासनको अनुभुति जनमानसमा पुर्याउन सम्पूर्ण जनप्रतिनिधिहरुलाई जनताका माग  र आवश्यकतालाई सम्मान गर्दै जनताप्रति उत्तरदायि हुँदै उत्साहपुर्वक अगाडि बढ्न अपिल गर्दछु।सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुलाई उच्च मनोबलका साथ प्रभावकारी ढङ्गबाट सेवा प्रदान गर्न आग्रह गर्दछु । शिक्षक, व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सूरक्षा निकाय र सम्पूर्ण विकास प्रेमी महानुभावहरुलाई गाउँपालिकाको विकासमा मन बचन कर्मले लाग्न आग्रह गर्दछु ।

**गाउँसभा सदस्यहरु,**

अव म नेपालको संविधान र प्रचलित कानूनी व्यवस्था, राष्ट्रिय आकांक्षा, दिगो विकास लक्ष्य, नेपाल सरकार, प्रदेश सरकार र भूमे गाउँपालिकाले तय गरेको दीर्घकालीन सोँच, नीति, योजना र लक्ष्यका साथै गाउँपालिकाको वर्तमान परिस्थितिलाई ध्यानमा राखी आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु।

विकासलाई दिगो रुपमा स्थापित गर्दै सार्वजनिक सेवा प्रवाहलाई जनमुखी, जवाफदेही, पारदर्शि समावेशी तथा जनसहभागितामुलक बनाइ त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउन कानूनको शासन, भष्ट्रचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रिकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापन जस्ता अशल शासनका आधारभुत मान्यतालाई आत्मसाथ गरी सर्वसाधारणले पाउनुपर्ने सेवा छिटो छरितो तथा कम खर्चिलो ढंगबाट पाउने अवस्था सृजना गर्न आगामी आर्थिक वर्ष २०८२/०८३ को मुल नीति रहनेछ ।

गाउँपालिकामा उपलब्ध स्रोत साधनको अधिकत्तम उपयोग गरी विकास, सुशासन र लोकल्याणकारी कार्य मार्फत नागरिकको घर आगनको सरकारको अनुभुति गर्ने गरी भूमे गाउँपालिकाका सम्पूर्ण नीति कार्यक्रम बजेट योजना र कार्यक्रम कार्यान्वयन पद्धतिलाई नागरिकमैत्री बनाइने छ ।

**सभाका सदस्यहरु,**

अब म विषय क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

**१.आर्थिक विकास**

**क) कृषिः**

१) भूमे गाउँपालिकामा कृषि क्षेत्रमा लगानी गर्ने थुप्रै संघसंस्थाहरु रहेकाले ती संस्थाहरुसंग सहकार्य तथा साझेदारी गरी जलवायु परिवर्तन अनकुलन तथा पर्यावरणीय कृषि प्रणालीमा आधारित **नमूना कृषि गाउँ कार्यक्रम** सञ्चालन गरिएको छ यसलाई विस्तार गरिनेछ ।

२) कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्दै खाद्य सुरक्षा, खाद्य संप्रभूताका साथै पोषण सुरक्षा सुनिश्चतताको मान्यता अनुरुप उत्पादक र उपभोक्ताको अधिकार सुनिश्चित गर्ने गरी कृषिमा विविधिकरण, व्यवसायीकरण, आधुनिकीकरण, प्रविधिकरण र बजारीकरणमा जोड दिइनेछ ।

३) कृषिको जैविक विविधता, कृषकको परम्परागत ज्ञान, सीप र प्रविधीको संरक्षण गर्दै हरेक वडामा रैथाने बालीको प्रवर्द्धन गर्ने कार्य अगाडी बढाइनेछ साथै गाउँपालिकालाई वीउ विजनमा आत्मनिर्भर बनाउन **सामुदायिक वीउ बैंक स्थापना तथा सदृढिकरण** कार्यक्रम सञ्चालन गरिनेछ ।

४) कृषि क्षेत्रको विकास र विस्तारका लागि **प्रतिफलमा आधारित अनुदानको नीति** अबलम्बन गरिनेछ ।कृषकहरुको उचित लागत सहभागितामा मात्र कृषि सम्बन्धी अनुदान कार्यक्रम सञ्चालन गरिनेछ। कृषि अनुदानको प्रभावकारिताको सम्बन्धमा अनुगमण, निरिक्षण कार्यलाई थप शसक्त बनाई लगिने छ ।

५) कृषि उत्पादनलाई पूर्ण रुपमा अर्गानिक उत्पादनमा रुपान्तरण गरी स्वस्थ कृषि उपजको उत्पादन र उपभोग प्रवर्द्धन मार्फत **अर्गानिक उत्पादनः भूमेको पहिचान** भन्ने अभियानलाई सार्थकता दिइनेछ ।

६) व्यवसायिक कृषकहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्न **उत्कृष्ट कृषक छनोट तथा सम्मान कार्यक्रम** सञ्चालन गरिनेछ ।

७) किसान सूचीकरण मार्फत वास्तविक किसानहरुको पहिचान गरी कृषि सम्बन्धी खण्डिकृत तथ्याङ्कहरुको संकलन गरी पालिकाको **कृषि प्रोफाईल** तयार गरिनेछ ।

८) स्थापना गरिएका केरा पकेट, तरकारी पकेट, मसला बाली पकेट, किवी तथा अन्य फलफूल पकेट, मौरी पकेट जस्ता कृषि पकेट कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गरिनेछ। बगैचा

९) वैदेशिक रोजगारबाट फर्केका, विपन्न समुदायका कृषि गर्न चाहने, व्यावसायिक योजना भएका व्यक्ति, फर्म तथा समूहलाई माग र आवश्यकताका आधारमा करार खेती, सामुहिक खेती जस्ता कार्यक्रम सञ्चालन गर्न सुलभ ब्याजदरमा **कृषि उद्यम कर्जा** उपलब्ध गराईनेछ। साथै, कृषि वीमा कार्यक्रमको लागि आवश्यक पहल गरिनेछ ।

१०) गाउँपालिकाको पोषण अवस्था सुधारका लागि एक घर एक करेसाबारी, सामूहिक तरकारी खेती, फलफूल खेती, विद्यालय नर्सरी तथा करेसाबारी निर्माण जस्ता कार्यक्रमहरु सञ्चालनलाई निरन्तरता दिदै नमूना बस्तीमा नमूना आय आर्जन कार्यक्रमलाई पनि आगामी बर्षमा निरन्तरता दिईनेछ ।

११) सफा र हरियालीः समृद्ध भूमे निर्माणका लागि ग्रीन करिडोर तथा फ्रुट करिडोर अवधारणालाई सार्थक बनाउन किसानहरुलाई **निःशुल्क बिरुवा वितरण** गर्ने कार्यलाई यस आर्थिक वर्षमा पनि निरन्तरता दिईनेछ।

१२) माटो तथा मल परीक्षण प्रयोगशालामा सबै किसानको सहज पहुंच कायम गरि माटो परीक्षणबाट प्राप्त नतिजा र सुझावका आधारमा माटो सुहाउँदो बाली लगाउने कार्यलाई प्रवर्द्धन गरिनेछ।

१३) कृषि उत्पादनलाई व्यवस्थित गर्न निर्मित कृषि उपज संकलन केन्द्र र रष्टिक स्टोरको क्षमता विकास गरिनेछ । भूमे गाउँपालिका वडा नं. ३ रतुवामारेमा निर्मित चिस्यान केन्द्रलाई आगामी आर्थिक वर्षमा सञ्चालनमा ल्याई कृषि उपजको भण्डारण र बजारीकरणका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१४) कृषि तथा पशुपंक्षी सम्बन्धी प्राविधिक सेवालाई घरदैलोमै पुऱ्याइनेछ। कृषक तथा कृषक सञ्जालको क्षमता अभिवृद्धिका लागि व्यावहारिक र उद्यमशीलता केन्द्रित तालिम, रेडियो शिक्षा कार्यक्रम, स्थलगत अवलोकन भ्रमण जस्ता कार्यक्रममार्फत उत्पादन, आय आर्जन, बाली विकास र व्यवसायीकरणमा जोड दिइनेछ ।

१५) मारिङ कृषि अनुसन्धान केन्द्रलाई थप व्यवस्थित गरी तरकारी तथा फलफूल स्रोत केन्द्रको रुपमा सुदृढ गरिनेछ ।

१६) जलवायु उत्थानसील क्षमता अभिवृद्धि गर्दै जलवायु परिवर्तनबाट कृषि प्रणालीमा पर्ने क्षति न्यूनिकरण गर्न जलवायु अनुकुलन कृषि कार्यक्रम सञ्चालन गरिनेछ।

१७) कृषि क्षेत्रमा काम गर्ने सहकारीलाई कृषि उत्पादन र विकास सम्बन्धी कार्य गर्न प्रोत्साहन गरिनेछ

१८) प्रदेश सरकारसँगको साझेदारीमा भूमेको कृषि उत्पादनलाई अर्गानिक प्रमाणिकरण गरी बजारीकरण गर्ने कार्य सञ्चालन गरिनेछ ।

**ख) पशुपालनः**

१) व्यावसायिक पशुपालन प्रवर्द्धनका लागि हरेक वडामा गुणस्तरीय **घाँस स्रोत केन्द्र**, गाउँ गाउँमा **हिउँदे एवं वर्षे घाँसबाली र डाले घाँस नर्सरी** स्थापनाका लागि निःशुल्क रुपमा घाँसको बीउ तथा विरुवा वितरण कार्यक्रम संचालन गरिनेछ ।

२) **"स्वस्थ पशु स्वस्थ पशुजन्य उत्पादन"** भन्ने मुल नाराका साथ पशुपन्छी पोषण सुधारका लागि पोषणयुक्त पशु आहार निर्माण सम्बन्धी तालिम सञ्चालन गरिनेछ। पशुपन्छीको उपचार र रोगहरुको रोगथामका लागि निःशुल्क औषधी वितरण र भ्याक्सिनेशन कार्यक्रम सञ्चालनलाई निरन्तरता दिईनेछ। पशुपन्छीमा आकस्मिक रुपमा लाग्ने महामारीजन्य रोगहरुको नियन्त्रणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

३) साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालनलाई निरन्तरता दिँदै पशु नश्ल सुधार, उन्नत पशु व्यवसाय प्रवर्द्धन गर्नुका साथै **कृत्रिम प्रजनन केन्द्र र ल्याब सञ्चालन** कार्यलाई व्यवस्थित गरिनेछ। पशु स्वास्थ्य नियमन, प्रजनन तथा प्रसार सम्बन्धी कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

४) नेपाल सरकार, प्रदेश सरकार तथा अन्य साझेदार निकायको सहकार्यमा पशुजन्य उत्पादन प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।लेकहरुमा भेडापालन व्यवसाय गरी बसेका व्यावसायीहरुलाई वासस्थान निर्माणका लागि अनुदान कार्यक्रम संचालन गरिनेछ ।

५) भेटनरी सम्बन्धी ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्ने उदेश्यका साथ विभिन्न तालिम तथा घुम्तिशिवर कार्यक्रमहरु सञ्चालन गरिनेछ । साथै भेटनरीसँग सम्बन्धित सन्देशमूलक सूचना स्थानीय एफ.एम. रेडियोमा प्रशारण गर्ने व्यवस्था मिलाईनेछ ।

६) पशुपंक्षिबाट मानिसमा सर्न सक्ने रोगहरुको जोखिमलाई मध्यनजर गर्दै यसबाट बच्न प्रवर्द्धनात्मक कार्यहरु जस्तै सचेतनामुलक कार्यक्रम, भ्याक्सिनेशन सञ्चालन गरिनेछ ।

**ग) सहकारी तथा वित्तीय संस्थाः**

१) गाउँपालिकाभित्रका सबै सहकारी संस्थाहरुलाई उत्पादन, बचत संकलन तथा बजारीकरण जस्ता कार्यहरु गर्न प्रोत्साहन गरिनेछ ।

२) पालिकाभित्रका सबै सहकारीहरुलाई व्यवस्थित रुपमा सञ्चालन गर्न अनिवार्य कोपोमिसमा आवद्ध गरिनेछ ।

३) सहकारीको नियमन तथा सहजीकरण कार्यलाई प्रभावकारी बनाई समान उद्देश्य र कार्यक्षेत्र भएका सहकारीबीच एकीकरण, कमजोर सहकारीलाई सबलिकरण, निष्क्रिय सहकारी खारेजी र उत्पादनमूलक सक्रिय सहकारीहरुलाई क्षमता विकास तथा प्रोत्साहन गरिनेछ।

४) बैंक तथा वित्तीय संस्था, सहकारी तथा साझेदार संस्थाहरुसँगको सहकार्यमा भूमे गाउँपालिकाका विभिन्न वडा तथा टोलहरुमा सञ्चालन भएको **डिजिटल वित्तीय साक्षरता कार्यक्रमलाई** सुदृढ गरी अन्य वडा तथा टोलहरुमा विस्तार गरिनेछ ।

**घ) उद्योग तथा वाणिज्यः**

१)गाउँपालिका क्षेत्रभित्र **स्थानीय कच्चा पदार्थ र जडीबुटीमा** आधारित उद्योग स्थापनामा जोड दिइनेछ। उद्योग क्षेत्रमा बाह्य लगानी आकर्षण गर्न आवश्यक नीतिगत, कानूनी र प्रशासनिक प्रबन्ध गरी स्थानीय उद्योग क्षेत्रको प्रवर्द्धनमार्फत रोजगारी सृजना र स्वाबलम्बनमा जोड दिइनेछ।

२)**समुदायमा रहेका विभिन्न किसिमका परम्परागत उद्योगहरुलाई सुदृढीकरण गर्दै** व्यावसायिक र आधुनिकीकरणतर्फ केन्द्रित हुन जोड दिइनेछ ।

३) व्यवसायिक सीप विकासमार्फत् पहिचान भएका उद्यमीहरुलाई प्राविधिक सहयोग तथा उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्न, लघुउद्यमीहरुको स्तरउन्नतीका लागि आवश्यकता र पहिचानका आधारमा पुर्नताजगी र एडभान्स सीप विकास तालिम र प्रविधि हस्तान्तरण गरिनेछ।

४) उद्यमशीलतालाई प्रवर्द्धन गर्न **शहिद धनमाया श्रेष्ठ महिला उद्यमशीलता प्रवर्द्धन कार्यक्रम**लाई निरन्तरता दिँदै घरेलु उद्योगमा आधारित लघु उद्यम प्रवर्द्धनका लागि सबै निकाय तथा संघसंस्थासँग साझेदारी गर्ने नीति लिइनेछ ।

५) लघुउद्यम तथा सीप विकास सम्बन्धी कार्यक्रमहरुमा लक्षित वर्ग, क्षेत्र, समुदायको सहभागितालाई पहिलो प्राथमिकतामा राखिनेछ। नवप्रवर्तनात्मक उद्योग सञ्चाल गर्न चाहने उद्यमीहरुका लागि मागमा आधारित अनुदान तथा उद्यम प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

६) वाणिज्य क्षेत्रलाई व्यवस्थित, मर्यादित र अनुशासित वनाई उपभोक्ताको हित अभिवृद्धिका लागि बजार अनुगमन गर्ने कार्यलाई अझ प्रभावकारी बनाईनेछ ।सबै ग्राहक, व्यापारी तथा बजार व्यवस्थापन समितिलाई उपभोक्ता हित संरक्षणका सम्न्धमा जानकारी गराउन सम्बन्धित निकायको सहकार्यमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

७) दर्ता/ नविकरण नभइ जथाभावि संचालनमा रहेका व्यवसायहरुलाई अनिवार्य दर्ता प्रक्रियामा ल्याउन अभियान सञ्चालन गरिनेछ ।

**ङ) पर्यटनः**

१) दिगो पर्यटन विकासका लागि गाउँपालिकाको पर्यटन क्षेत्र गुरुयोजना तयार भएको छ।प्राकृतिक, साँस्कृतिक, ऐतिहाँसिक पर्यटन क्षेत्रको पहिचान र सम्भाव्यता अध्ययनको प्रारम्भिक कार्य पनि सम्पन्न भइसकेको छ । पर्यटन गुरुयोजना बमोजिम पर्यटन क्षेत्रको विकासका लागि पूर्वाधार निर्माणका साथै अन्तरसम्बन्धित क्षेत्रको पहिचान तथा विकासमा जोड दिइनेछ ।

२) पर्यटन क्षेत्रमा रोजगारी प्रवर्द्धन, आर्थिक उपार्जन र व्यावसायिक रुपान्तरण सम्बन्धी कार्यक्रम सञ्चालन गरी पर्यटन क्षेत्रलाई आर्थिक विकासको आधारको रुपमा विकास गर्न तहगत सरकार तथा निजी क्षेत्रसंग साझेदारी र सहकार्य गरिनेछ ।

३) भूमे गाउँपालिका वडा नं. ९ को चुनबाङ्ग स्थित भेरिडाँडा संग्राहलयको पूर्वाधार निर्माणको कार्य भइरहेको छ । उक्त संग्रहालयमा समग्र रुकुम जिल्लाका विभिन्न समुदायको जिवनशैली, मौलिक परम्परा र सस्कृति प्रतिविम्वित भएको कलाकृति तथा वृत्तचित्र निर्माण गरिनेछ । जनयूद्ध, संविधान सभा, शान्ति

प्रक्रिया र संघीयताको सन्देश झल्किने जिवन्त संग्रहालयको रुपमा निर्माण गरी पर्यटकीय गन्तब्यको रुपमा विकास गरिनेछ।

४) साँस्कृतिक र भौगोलिक सौन्दर्यताले भरिपूर्ण भूमे गाउँपालिकाका विभिन्न पर्यटकीय क्षेत्रहरु महत युद्ध फिचर, चौरी लेक, मारिङ लेक, गोन्टे झरना, पातिहाल्ने, गुरिल्ला पदमार्ग को प्रचार प्रसार, विकास, संरक्षण र प्रवर्द्धनका लागि आवश्यक सहकार्य गरिनेछ।साथै, कृषि पर्यटन, पर्यापर्टनको विकासका लागि पहल गरिनेछ ।

**च) श्रम र रोजगारीः**

१) गाउँपालिकामा रहेको रोजगार सेवा केन्द्रलाई सुदृढ गर्दै बजारको मागका आधारमा श्रमिक आपूर्ति गर्ने माध्यमको रुपमा विकास गर्नुका साथै श्रम **स्वीकृति र सुरक्षित वैदेशिक रोजगार सम्बन्धी परामर्श सेवा** प्रदान गरिनेछ। रोजगार सेवाबाट प्रवाह हुने सबै किसिमका सेवालाई व्यवस्थित बनाइनेछ ।

२) रोजगार रणनीति २०८१ अनुसार रोजगार संवाद मञ्चमार्फत "**श्रमको सम्मानः राष्ट्रको अभियान**" कार्यक्रमलाई निरन्तरता दिईनेछ।

३) प्रधानमन्त्री रोजगार कार्यक्रमले निर्दिष्ट गरे बमोजिम एक आर्थिक वर्षमा न्यूनतम् १०० दिन बराबरको रोजगारीमा सहभागी गराउन नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको साझेदारीमा दिगो र प्रभावकारी हुने खालका आयोजनाहरु सञ्चालन गरी रोजगारीको सृजना गरिनेछ ।

४) वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुको ज्ञान, सीप र पूँजीलाई परिचालन गरी उद्यम विकास र रोजगारीमा  संलग्न गराइ उद्यम प्रवर्द्धनमा जोड दिइनेछ ।

५) गाउँपालिका भित्रका बेराजगार व्यक्ति, श्रमिक तथा बैदेशिक रोजगारीमा गएका व्यक्तिहरुको तथ्याङ्क अध्यावधिक गरी प्रोफाइल तयार गरिनेछ । लक्षित वर्गहरु महिला,दलित र पिछडा बर्गहरुलाई स्वरोजगार सम्बन्धी सिपमुलक तालिमहरु प्रदान गरी रोजगारीमा प्राथमिकता दिइनेछ।

६) गाउँपालिकालाई सबै किसिमको बालश्रममुक्त गाउँपालिका बनाउन आवश्यक पहल गरिनेछ ।

**गाउँसभा सदस्यहरु**

**२.सामाजिक विकास**

**क) शिक्षाः**

१) सामुदायिक विद्यालयमा शिक्षक र विद्यार्थीको अनुपात मिलानका लागि विद्यालय नक्साङ्कन गरि विद्यालय ऐकिकरण, समयोजन, दरवन्दी मिलान, कक्षा थप वा घटुवा गर्ने कार्य अगाडि बढाईनेछ ।

२) शैक्षिक रुपान्तरणका लागि **शिक्षक, अभिभावक र जनप्रतिनिधिबीच नियमित अन्तरक्रिया** कार्यक्रम सञ्चालन गरिनेछ। सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गर्न **कक्षा ४ देखि कक्षा ११ सम्म प्रश्नपत्रमा एकरुपता** कायम गर्नुका साथै विद्यालय तथा शिक्षक लक्षित दण्ड र पुरस्कारको नीति अवलम्बन गरिनेछ।

३) प्रधानाध्यापकलाई प्रोत्साहन तथा थप जिम्मेवारी प्रदान गरी विद्यालयको प्रशासकीय र व्यवस्थापकीय सुधारका लागि **प्रधानाध्यापकसँग कार्यसम्पादन करार सम्झौता** गरी सूचकका आधारमा नियमित अनुगमन तथा मूल्याङ्कन पद्धतिको विकास गरीनेछ।विद्यालय शिक्षा सुधार परियोजनालाई व्यवस्थित गरी कडाइका साथ कार्यान्वयन गरिनेछ।

४) स्थानीय **तथ्याङ्क संकलनमा विद्यार्थी परिचालन** गरी व्यावहारिक ज्ञान आर्जन र ज्ञान निर्माणमा जोड दिइनेछ। विद्यार्थीहरुलाई बाल्यकालदेखि नै व्यवसायिक सीप विकासका लागि नवप्रवर्द्धन र अनुसन्धानमा आधारित शिक्षा, STEM शिक्षा, स्थानीय कला संस्कृति तथा व्यावहारिक शिक्षा जस्ता विषयलाई पाठ्यक्रम तथा अतिरिक्त क्रियाकलापमा समेटिनेछ ।

५) शैक्षिक पहुँच सुनिश्चितताका लागि अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ। प्रतिस्पर्धात्मक प्रविधिमैत्री शिक्षा प्रवर्द्धनमा जोड दिइनेछ ।

६) सुरक्षित विद्यालयको अवधारणामा गुणस्तरीय शैक्षिक, भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भारका कार्यलाई तीब्रता दिइनेछ। शिक्षक दरबन्दी मिलान दरबन्दी नभएका सामुदायिक विद्यालयहरुमा आवश्यकता र औचित्यताका आधारमा **स्थानीय शिक्षण सिकाई अनुदान कार्यक्रमलाई निरन्तरता** दिइनेछ ।

७) गाउँपालिकाले सञ्चालन गर्दै आएको **शैक्षिक कर्जा कार्यक्रमलाई** निरन्तरता दिइनेछ ।आधारभूत तहदेखि माध्यामिक तहसम्म गाउँपालिकाभित्रकै सामुदायिक

विद्यालयमा अध्ययन गरेका मेधावी विद्यार्थीहरुलाई **शैक्षिक छात्रवृत्ति**को व्यवस्था गरिनेछ ।

८) शिक्षक तथा विद्यार्थीहरुलाई प्रतिस्पर्धात्मक विधिमार्फत प्रविधिमा आधारित शिक्षण सामग्री उत्पादन, अडियो भिडियो, **सूचना तथा सञ्चार प्रविधिमा आधारित पुस्तकालय तथा कक्षा निर्माण**का साथै दिवसीय कार्यक्रम सञ्चालनमा जोड दिइनेछ।

९) विग स्कुलको अवधारणा बमोजिम विद्यार्थीको सर्वाङ्गिक विकास गरी शैक्षिक गुणस्तर सुधार गर्न गाँउपालिकाभित्र सञ्चालित माध्यामिक विद्यालयलाई आवासिय रुपमा सञ्चालन गर्नका लागि पूर्वाधार निर्माणको कार्यलाई तदारुकताका साथ अगाडि बढाईनेछ ।

१०) **मेरो विद्यालय मेरो दायित्व,** सफा र हरियालिसहितको **हरित विद्यालय** जस्ता कार्यक्रम सञ्चालन गरी विद्यालयको शैक्षिक वातावरण सुदृढ गर्न सरोकारवालसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।शिक्षा सँगै व्यवहारिक तथा जिवनउपयोगी ज्ञान प्रदान गर्न विद्यालयमा अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्न प्रोत्साहन गरिनेछ।

११) स्थानीय पाठ्यक्रममा समावेश वृहत्तर यौनिकता तथा प्रजनन स्वास्थ्य शिक्षाको पाठ्यभार घटाइ कम्प्यूटर शिक्षा र भूमे गाउँपालिका मौलिक कला सस्कृति र इतिहाससम्बन्धी विषयवस्तु समावेश पठनपाठनको व्यवस्था गरिनेछ ।

**ख) स्वास्थ्यः**

१) गुणस्तरीय आधारभुत स्वास्थ्य निशुल्क उपलब्ध गराउदै नागरिकको गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने मौलिक हकको सुनिश्चित गर्दै दिगो विकासको लक्ष्य हासिल गर्न जोड दिइनेछ ।

२) आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको सहज पहुँचको सुनिश्चितताका लागि गुणस्तरीय स्वास्थ्य सम्बन्धी उपचारात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक कार्यक्रमलाई कार्यान्वयन गर्न नेपाल सरकार, प्रदेश सरकार र अन्य सरकारी तथा गैरसरकारी संघसंस्थाहरुसँग समन्वय, सहकार्य र साझेदारी गरिनेछ।

३) संघ तथा प्रदेश सरकारले लिएको स्वास्थ्य सम्बन्धी नीतिलाई स्थानीयकरण गर्दै परिवार कल्याण कार्यक्रम, क्षयरोग नियन्त्रण कार्यक्रम, महामारी रोग नियन्त्रण कार्यक्रम, एकीकृत बाल स्वास्थ्य तथा पोषण कार्यक्रम, राष्ट्रिय स्वास्थ्य शिक्षा तथा सूचना, उपचारात्मक सेवा, नर्सिङ तथा सामाजिक सुरक्षा कार्यक्रम जस्ता कार्यक्रमहरुलाई प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाइनेछ।

४) स्वास्थ्य सम्बन्धी गुणस्तरीय सेवा प्रवाहका लागि मापदण्ड बमोजिमका पूर्वाधार निर्माण अन्तर्गत काँक्री स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाई कुचिबाङ र सामुदायिक स्वास्थ्य इकाई दालिबाङको भवन निर्माण कार्यको थालनी गरिनेछ ।

५) स्वास्थ्य संस्थाहरुमा औषधी, उपकरण, द्रुत टिम, स्वास्थ्यकर्मीको पर्याप्त व्यवस्था तथा परिचालन, मार्फत आम गाउँपालिकाबासीको स्वास्थ्य सुविधामा सहज पहुँच कायम गर्न **मोवाईल स्वास्थ्य कार्यक्रम, टेलिमेडिसिन, आँखा चेकजाँच अभियान, बिषेशज्ञ सहितको एकिकृत घुम्ति शिविर** कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६) स्वास्थ्य संस्थाहरुलाई न्यूनतम सेवा मापदण्डको प्रगतिको आधारमा मूल्याङ्कन गरी सुदृढिकरण गरिनेछ । संस्थागत सुत्केरी सेवालाई थप प्रभावकारी बनाउन सुत्केरी भान्छा घरलाई व्यवस्थित गरिनेछ।

७) गर्भवती र सुत्केरी आमाको मृत्युदरलाई शून्य पार्न विगतमा अपनाइएको नीति तथा कार्यक्रमलाई निरन्तरता दिँदै प्रसूति चेकजाँच र रेफरका लागि निःशुल्क एम्बुलेन्स सेवा, **पोषण झोला** तथा गर्भवति महिलालाई निशुल्क **आईरन चक्की, फोलिक एसिड र क्याल्सियम चक्की** वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८) गाउँपालिकाले नियमित रुपमा गर्दै आएको **पूर्ण खोप सुनिश्चितता तथा दिगोपना कार्यक्रम**लाई निरन्तरता दिइनेछ ।

९) द्वन्द्व पीडित, अति विपन्न परिवार, घाइते तथा अपाङ्गता भएका व्यक्ति र दीर्घ रोगीलाई निःशुल्क स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै अशक्त, असहाय र **७० वर्ष माथिका ज्येष्ठ नागरिकहरुलाई घरघरमै स्वास्थ्य सेवा र दीर्घ रोगीहरुलाई निःशुल्क औषधीको व्यवस्थालाई निरन्तरता दिइनेछ ।**

१०) नसर्ने रोगको रोकथाम तथा नियन्त्रणलाई प्राथमिकतामा राखी संघीय तथा प्रदेश सरकारसँगको सहकार्यमा **आरोग्य केन्द्र, योग ध्यान शिविर, मनोसामाजिक परामर्श** तथा **गृहिणी भान्सा सुधार** कार्यक्रम सञ्चालन गरिनेछ।

११) तिलगंगा आँखा प्रतिष्ठानसँगको सहकार्यमा गाउँपालिकामा संचालित ग्रामिण **आँखा उपचार केन्द्रलाई थप सुदृढीकरण गरिनेछ**। निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य सेवालाई गुणस्तरीय एवं जनमुखी बनाउन अभिलेखीकरण, प्रभावकारी अनुगमन तथा नियमनमा जोड दिइनेछ।

१२) स्वास्थ्यकर्मी, कर्मचारी, महिला स्वास्थ्य स्वयंसेविका र आमा समूह मार्फत गाउँ टोलसम्म स्वास्थ्य सेवा र परामर्श सम्बन्धी कार्यक्रम सञ्चालन गरी स्वास्थ्य सेवालाई जनमुखी बनाइनेछ ।

१३) अति विपन्न व्यक्ति उपचार सहायताका लागि नेपाल सरकार तथा प्रदेश सरकारसँगको समन्वयमा मापदण्ड बमोजिम **उपचार सहायताको** व्यवस्था गरिनेछ।

१४) बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत पोषण संवेदनशील, पोषण विशेष र पोषण सुधारका लागि विपन्न समुदायका महिला समूह तथा सहकारीहरुलाई विपन्न सदस्यहरुको आयआर्जन सुधार गर्न अनुदान कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१५) नेपाल सरकारको पोषणमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणा गर्ने प्रतिवद्धता अनुरुप सञ्चालन गरिँदै आएको पोषणमैत्री स्थानीय शासन कार्यक्रमलाई निरन्तरता दिइ मापदण्ड पुगेका वडा तथा स्वास्थ्य संस्थाहरुलाई आगामी आर्थिक वर्षमा पोषणमैत्री वडा तथा स्वास्थ्य संस्था घोषणा गरी पोषणमैत्री स्थानीय शासन युक्त गाउँपालिका घोषणाको आधार तयार गरिनेछ ।

१६) शिघ्र कुपोषणबाट ग्रसित बालबालिकाहरुको उपचारका निम्ति आगामी आर्थिक वर्षमा महत स्वास्थ्य चौकी, मोराबाङ स्वास्थ्य चौकी, काँडा स्वास्थ्य चौकी र चुनबाङ स्वास्थ्य चौकीमा ओ. टि. सी. सेवा विस्तार गरिनेछ ।

१७) किशोर किशोरीहरुको प्रजनन स्वास्थ्य सेवा, सूचनामा पहुँच अभिवृद्धि गर्न सबै स्वास्थ्य संस्थाहरुमा किशोर किशोरीमैत्री स्वास्थ्य सेवा तथा विद्यालयहरुमा सूचना केन्द्र स्थापनालाई निरन्तरता र प्राथमिकता दिइनेछ।

विद्यालय तथा स्वास्थ्य संस्थाहरुमा निःशुल्क स्यानिटरी प्याडको उपलब्धता र फोहोर व्यवस्थापनको सुनिश्चितता गरिनेछ ।

१८) प्रकोपजन्य महामारी रोकथाम तथा नियन्त्रणका लागि निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक सेवा सुनिश्चितताका लागि स्वास्थ्य संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ।

**ग) यूवा तथा खेलकूदः**

१) राष्ट्रपति रनिङ शिल्ड खेलकूद प्रतियोगितामा स्थानीय साझेदारी गरी प्रभावकारी सञ्चालन तथा व्यवस्थापनद्वारा बालबालिकाको शारीरिक तथा संवेगात्मक विकासमा जोड दिइनेछ ।

२) पालिकाद्धारा आयोजना गरिने भूमे कप, गुरिल्ला म्याराथन, वडास्तरीय खेलकुद प्रतियोगिता तथा कार्यक्रमलाई व्यवस्थित गर्दै प्रतिभावान खेलाडी पहिचान, अभिलेखीकरण, क्षमता विकास तथा प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

३) विद्यालय तहदेखि नै विद्यार्थीहरुमा खेल प्रतिभा प्रस्फुटनका लागि खेलमैत्री वातावरण निर्माण गर्न विद्यालयहरुलाई प्रोत्साहन गरिनेछ ।

४) खेलकुद क्षेत्रको विकासका लागि पूर्वाधार निर्माण तथा सुदृढिकरण गर्न तहगत सरकारसँग समन्वय र साझेदारी गरिनेछ ।साथै, मौलिक तथा परम्परागत खेलहरुको अध्ययन, अभिलेखीकरण, संरक्षण तथा प्रवर्द्धनका लागि परम्परागत खेलकूद प्रतियोगिता सञ्चालन मार्फत खेल पर्यटनलाई प्रवर्द्धन गरिनेछ।

५) यूवाहरुको ज्ञान, सीप र क्षमतालाई सदुपयोग गर्ने खालका योजना तथा कार्यक्रमहरु मार्फत गाउँपालिकाको नीति तथा योजना तर्जुमा, विकास गतिविधि, ज्ञान सीप आदान प्रदान तथा हस्तान्तरणमा यूवा विकास केन्द्रको भूमिकालाई प्रभावकारी बनाइनेछ ।

६) यूवा वेरोजगारी न्यूनिकरण गर्न सीप तथा उद्यमशिलता विकास गरी उत्पादन संग जोड्न तालिम सञ्चालन गरिनेछ । यूवाहरुलाई संगठित गरी रचनात्मक कार्यमा परिचालन गर्न यूवा सञ्जाल गठन गरी सक्रिय बनाइनेछ। बैदेशिक रोजगारबाट फर्केका यूवाहरुको ज्ञान, सिप र प्रविधि र स्रोतलाई उत्पादनशिल क्षेत्रमा उपयोग गर्ने वातावरण सिर्जना गरिनेछ ।

७) खेल तथा खेलाडी प्रोत्साहन तथा

८) यूवाहरुलाई व्यावसायिक खेलकुद प्रति आकर्षित गर्न गाउँपालिकाभित्रका राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडिहरुलाई सम्मान गरिनेछ । साथै, विपन्न खेलाडीहरुलाई प्रोत्साहन सहायता दिइनेछ।

**घ) सुरक्षित खानेपानी र सरसफाईः**

**१)** गाउँपालिकाको **खानेपानी, सरसफाई तथा स्वच्छता** सम्बन्धी योजना (वास योजना) बमोजिम खानेपानी आयोजनाहरुको डिजिटाइज्ड गरी प्राथमिकताका आधारमा तहगत सरकार तथा साझेदार संस्थाहरुसँगको सहकार्यमा खानेपानी आयोजना तथा सार्वजनिक शौचालय निर्माण कार्य अगाडि बढाइनेछ।

२) वास योजना बमोजिम गाउँपालिकाका सुरक्षित खानेपानीको पहुँचमा नरहेका टोल तथा वस्तिहरुमा संघ र प्रदेश सरकार तथा गाउँपालिकाको आफ्नै योजनामा एक घर एक धारा निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**३) मुहानदेखि मुखसम्म सुरक्षित खानेपानी**को सुनिश्चतताका लागि खानेपानी शुद्धता परीक्षण इकाईमार्फत हरेक ४/४ महिनामा मुहान, ट्याङ्की तथा धाराको पानी शुद्धता जाँच गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

४) भकारो सुधार, सुधारिएको चुल्हो, एक घर दश फलफूल विरुवा, एक घर एक शौचालय, भान्छा सरसफाई कार्यक्रमलाई निरन्तरता दिई गाउँपालिकालाई **पूर्ण सरसफाई उन्मुख गाउँपालिका घोषणा** गरिनेछ।

**५)** टोल विकास संस्थामार्फत कुहिने र नकुहिने फोहर वर्गीकरण गरी टोलस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालनका साथै फोहरको पुनर्प्रयोग तथा आफूले गरेको फोहरको व्यवस्थापन आफै गर्नुपर्ने अन्यथा आफैले शुल्क तिर्नुपर्ने **पोलुटर पे प्रिन्सिपलमा** आधारित नीति कार्यान्वयन गरिनेछ।

६) स्वच्छ खानेपानीमा सबैको पहुँच अभिवृद्धि गरिनुका साथै सरसफाई र फोहरमैला तथा ढल निकास व्यवस्थापनमा विशेष ध्यान दिईनेछ। घना वस्तीहरुमा ढल व्यवस्थापन सम्बन्धी आयोजनाहरु सञ्चालन गरिनेछ। सबै वडामा फोहोरमैला व्यवस्थापनसम्बन्धी नागरिक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

**ङ) भाषा तथा संस्कृति प्रवर्द्धनः**

१) मौलिक तथा लोपोन्मुख कला संस्कृतिको संरक्षण, प्रवर्द्धन र पुस्तान्तरणका लागि भूमे सांस्कृतिक महोत्सव प्रतियोगितात्मक कार्यक्रम, अध्ययन अनुसन्धान, डकुमेन्ट्रि तथा अभिलेखिकरण कार्यलाई निरन्तरता दिइनेछ।

२) भाषा, कला संस्कृतिको जगेर्ना तथा संरक्षण सम्बन्धी तालिम, लोक बाजा तथा सामग्री खरिद, सांस्कृतिक पूर्वाधार निर्माणमा साझेदारीमार्फत विकास गर्ने नीति अवलम्बन गरिनेछ।

३) लोपोन्मुख भाषा संस्कृतिको संरक्षण र विकासमा योगदान पुर्याउने गाउँ टोललाई प्रोत्साहन गरिनेछ।

**च) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणः**

१) नेपालको संविधानले व्यवस्था गरेको लक्षित वर्गको हकहितको सुनिश्चित गर्दै लैंङ्गिक समता र समानता, सशक्तिकरण, मूलप्रवाहीकरण र अर्थपूर्ण सहभागिता वृद्धि गर्ने नीतिलाई प्रोत्साहन गरिनेछ।

२) नीति, निर्णय र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सुनिश्चितताका लागि बजेट तथा योजना तर्जुमामा प्रतिशत निर्धारण गरेर अनिवार्य लक्षित वर्ग योजना तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने व्यवस्था गरी त्यस्ता कार्यक्रम कार्यान्वयन गर्दा लक्षित वर्ग अधिकतम प्रत्यक्ष लाभान्वित हुने गरी कार्यान्वयनको व्यवस्था मिलाइनेछ।

३) सामाजिक समावेशीकरण तथा लैङ्गिक हिंसा न्यूनिकरण सम्बन्धी नीति तर्जुमा र लैङ्गिक हिंसा तथा लिङ्गको आधारमा गरिने भेदभावलाई शून्यमा झार्ने नीति अङ्गिकार गर्दै महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरुको खण्डिकृत तथ्याङ्क व्यवस्थापन गरी लक्षित व्यक्तिको आवश्यकतामा आधारित कार्यक्रम सञ्चालन गरिनेछ।

४) लैङ्गिक हिंसामा परेका व्यक्तिहरुको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि लैङ्गिक हिंसा निवारण कोषलाई सवलिकरण गरी सञ्चालनमा ल्याइनेछ । **सामाजिक समावेशीकरण डेस्क**लाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

५) बालबालिकाको हकहित संरक्षणका साथै शारीरिक, मानसिक तथा संवेगात्मक लगायत हरेक क्षेत्रमा क्षमता विकासका लागि हरेक चरणमा अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्दै **बालमैत्री स्थानिय शासनयुक्त गाउँपालिका घोषणा**

गर्न बालश्रम उन्मुलन, बाल विकास र वाल संरक्षणमा सघाउ पुर्याउने कार्यक्रम सञ्चालन गरिनेछ ।

६) **समुदाय प्रहरी साझेदारीको** अवधारणमा समाजमा रहेका बालश्रम, बालबिवाह, बहुविवाह, दाइजो, बोक्सी जस्ता हानिकारक अभ्यास र लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार, **लागु औषध दुर्व्यसनी विरुद्ध** सचेतनामूलक कार्यक्रम तथा अभियान सञ्चालन गरिनेछ।साथै, यस्ता कुरिति र कुसंस्कारहरुको न्यूनिकरण गर्न गाउँपालिका भित्र सक्रिय **आमा समूहहरुलाई समूहको काम कर्तव्य र अधिकार** सम्बन्धमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

७) गाउँपालिका क्षेत्रभित्र रहेका महिला, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बालवालिका र पिछडिएका वर्ग लगायत सम्पूर्ण नागरिकहरुको आवश्यकता र मागलाई सम्बोधन गरी सशक्तिकरण गर्न **समुदायसँग उपाध्यक्ष** कार्यक्रम सञ्चालन गरिनेछ। वडास्तरसम्म ज्येष्ठ नागरिक मञ्च, अपाङ्गता सञ्जाल, बाल सञ्जाल, महिला सञ्जाल, उपेक्षित उत्पीडित वर्ग उत्थान सञ्जाल गठन गरी उनीहरुको व्यक्तित्व विकास, नेतृत्व विकास र क्षमता विकास जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ।

८) सेवा प्रवाहका क्रममा अतिविपन्न, अशक्त, ज्येष्ठ नागरिकहरुलाई प्रमाणपत्रका आधारमा सेवा शुल्क वापतको कुनै पनि रकम नलिने विगतको नीतिलाई निरन्तरता दिँदै **एकल महिला र अपाङ्गता भएका व्यक्तिहरुलाई फर्म तथा व्यवसाय दर्ता शुल्क पूर्ण छूट** दिने नीतिलाई निरन्तरता दिइनेछ ।

९) द्धन्द्ध पिडित, सामाजिक रुपमा बहिष्करण र बञ्चितिकरणमा परेका व्यक्तिहरुको जीविकोपार्जन सुधारका लागि कार्यविधि बमोजिम **कोष** स्थापना गरी सहायता प्रदान गरिनेछ ।

१०) उत्पीडित, उपेक्षित दलित तथा अन्य विपन्न समुदायको सशक्तिकरण र क्षमता विकासको लागि सरकारी तथा गैरसरकारी संस्थाहरुसँगको साझेदारीमा प्रवर्द्धनात्मक कार्यक्रममा जोड दिइनेछ। यस्ता वर्गहरुको सार्वजनिक निकायमा पहुँच अभिवृद्धि गर्न **निःशुल्क लोक सेवा आयोग, शिक्षक सेवा आयोग , कम्प्यूटर तयारी कक्षा र रेडियो कार्यक्रम सञ्चालन कार्यलाई** निरन्तरता दिइनेछ ।

**गाउँसभा सदस्यहरु,**

**३. पूर्वाधार विकासः**

१) भूमे गाउँपालिकाको गुरुयोजना र आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य तथा उद्देश्य हासिल गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रको भूमिकालाई प्रभावकारी बनाउने गरी भौतिक तथा आर्थिक पूर्वाधार निर्माणमा साझेदारी सम्बन्धी नीति ल्याइनेछ।

२) गाउँपालिकाको आर्थिक सर्वेक्षण गरी पालिकाबासीको जीवनस्तर उकास्ने र गाउँपालिकाको आन्तरिक आय वृद्धि गर्ने खालका आयोजनाहरु पहिचान गरी क्रमशः कार्यान्वयनमा प्राथमिकता दिइनेछ ।

३) गाउँपालिकाबाट सञ्चालनमा रहेका क्रमागत बहुवर्षिय आयोजना तथा कार्यक्रमहरुलाई निरन्तरता दिदैं समयमै सम्पन्न गर्न आवश्यक सहकार्य गरिनेछ ।

**क) यातायात पूर्वाधारः**

१) सडक पूर्वाधार विकासको क्षेत्रमा गाउँपालिकाले उलेख्य प्रगति हासिल गरेको छ। सडक यातायात गुरुयोजना बमोजिम प्राय सबै वस्तीहरु सडक सञ्जालमा जोडिएका छन। सडक सञ्जालमा जोडिन बाँकी वस्तीहरु आगामी आर्थिक वर्षभित्रै ग्रामीण सडक सञ्जालले जोड्ने र निर्मित सडकहरुको मर्मत सम्भार तथा स्तरोन्नति गरी **सुरक्षित सडक यातायातको** अवधारणा कार्यान्वयन गरिनेछ।

२) गाउँपालिकास्तरीय रिङ रोड, लिङ्क रोड र सहायक सडकहरुमा बायोइन्जिनियरिङ अवधारणा बमोजिम वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ।

३) प्राथमिकतामा परेका झोलुङ्गे तथा ट्रस पुलहरु निर्माण कार्य अगाडि बढाइ आवश्यकतानुसार नयाँ झोलुङ्गे पुल निर्माण कार्यका लागि समन्वय गरिनेछ ।

४) नेपाल सरकार तथा प्रदेश सरकारसँगको समन्वयमा सडक पुल तथा कल्भर्ट निर्माण कार्यलाई प्राथमिकता दिइनेछ। वर्षाको समयमा मुख्य सडक अवरुद्ध भइ यातायातको असुविधा हुने अवस्थाको निराकरण गर्न पालिकाको ब्याक्होलोडरलाई **सडक पूर्वाधार एम्बुलेन्स**को रुपमा सञ्चालन गरिनेछ ।

५) नेपाल सरकार, प्रदेश सरकार तथा साझेदार निकायहरुसँगको समन्वयमा सुरक्षित सडक अवधारणामा आधारित भएर सडक स्तरोन्नति, सडक सुरक्षा पूर्वाधार निर्माण,

**सडक मर्मत सम्भारकर्ता परिचालन**, सवारी सचेतना, तीन पाङ्ग्रे सवारी मापदण्ड लागु जस्ता कार्यक्रम सञ्चालनमार्फत सुरक्षित यातायातको सुनिश्चितता गरिनेछ ।

**ख) भवन आवास तथा सहरी विकासः**

१) गाउँपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवालाई सरल, सहज, गुणस्तरीयर व्यवस्थित रुपले सञ्चालन गर्न गाउँपालिकाको प्रशासकीय भवन निर्मानाधिन अवस्थामा रहेको छ ।सो कार्यलाई आगामी आर्थिक वर्षमा निर्माण सम्पन्न गर्ने गरी प्राथमिकताका साथ अगाडी बढाइने छ। साथै १ र ७ नं. वडा कार्यालयको भवन निर्माण कार्य सम्पन्नताको अन्तिम चरणमा रहेकोले आगामी आर्थिक वर्षमा निर्माण सम्पन्न गरी एकिकृत सेवा प्रवाह विन्दुको रुपमा विकास गरिनेछ । साथै, ३, ४ र ५ नं. वडा कार्यालयहरुको भवन निर्माण कार्य आगामी आर्थिक वर्षमै अगाडि बढाइनेछ।

२) शहरी विकास तथा भवन निर्माण सम्बन्धी मापदण्ड स्थानीय परिवेशका आधारमा तर्जुमा गरी भवन निर्माणमा नक्सा पूर्वस्वीकृति तथा अभिलेख राख्ने कार्यलाई कडाइका साथ कार्यान्वयन गरिनेछ।

३) सामाजिक, साँस्कृतिक तथा ऐतिहासिक पहिचान नमेटिने गरी ग्रामीण बस्तीलाई व्यवस्थित बसोबासयुक्त **मौलिक नमूना वस्तीको रुपमा विकास गर्न जोड** दिइनेछ ।

४) घरबारबिहिन, अति विपन्न व्यक्तिहरु तथा फुसको छाना भएका परिवारको तथ्याङ्क संकलन गरी आवास निर्माणमा सहयोग गर्न सुरक्षित नागरिक आवास कार्यक्रम, विपद् जोखिमयुक्त छाना विस्थापन र जनता आवास जस्ता कार्यक्रम सञ्चालन गरी नागरिकलाई सुरक्षित आवासभित्र ल्याइनेछ ।

**ग) ऊर्जा, जलस्रोत तथा सिंचाईः**

१) केन्द्रीय प्रसारण लाइनको पहुँच नपुगेका वडा नं. ७ र ९ का वस्तिहरुमा नेपाल विद्युत प्राधिकरणसँगको समन्वयमा केन्द्रीय प्रसारण लाइन जोडिनेछ ।

२) लघु तथा साना जलविद्युत आयोजनाहरुको मर्मत सम्भार गरी  व्यवस्थित रुपमा सञ्चालन गरिनेछ।साथै लघु तथा साना जलविद्युत आयोजनाहरुलाई केन्द्रिय प्रशारण लाइनमा जोड्न पहल गरिनेछ ।

३) नेपाल सरकार तथा प्रदेश सरकारसँगको सहकार्यमा गाउँपालिकाभित्र सिंचाईका सम्भावना भएका क्षेत्रहरु पहिचान गरी पोखरी सिंचाई, स्प्रिङ्कल सिंचाई, ठूला सिंचाई आयोजना मार्फत सिंचाई सुविधा बढाई उत्पादन वृद्धिमा जोड दिइनेछ।

घ) **सूचना तथा संचारः**

१)सूचना तथा सञ्चारको सहज पहुँच स्थापनाका लागि तहगत समन्वय, सहकार्य र साझेदारी गरिनेछ । भरपर्दो सञ्चार सुविधा सुनिश्चताका लागि आवश्यक पहल गरिनेछ।

२) डिजिटल गाउँपालिका निर्माणका लागि गाउँपालिकाको डिजिटल रणनीति तयार भएको छ। गाउँपालिकाको डिजिटल रणनीति अनुसार साझेदार निकायहरुसँगको सहकार्यमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी पूर्वाधार निर्माण तथा पहुँच विस्तार गरी डिजिटल गाउँपालिका निर्माणको कार्य अगाडी बढाइने छ ।

३)डिजिटल साक्षरतासम्बन्धी कार्यक्रम सञ्चालन गरी महिला, दलित, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग लगायत लक्षित वर्गहरुको सूचना प्रविधिमा पहुँच सुनिश्चित गरिनेछ ।

४)गाउँपालिका तथा वडा कार्यलयहरुमा सञ्चालनमा रहेका डिजिटल नागरिक वडापत्रको अध्यावधिक गरी सञ्चालन गरिनेछ ।साथै, स्थानीय सञ्चार माध्यमहरुलाई खोज तथा रचनात्मक कार्य गर्न प्रोत्साहन गरिनेछ ।

**ङ) सम्पदा पूर्वाधारः**

१)धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक पूर्वाधारहरुको अभिलेखीकरण गरी व्यवस्थित निर्माण तथा संरक्षण र सदुपयोगका लागि गुरुयोजना तथा विस्तृत परियोजना प्रतिवेदन तयार गरिनेछ।

२)सम्पदा पूर्वाधारको संरक्षण तथा निर्माणमा अन्तरआवद्धता हुने गरी मापदण्ड तथा प्रारुप तयार गरी क्रमशः कार्यान्वयन गर्दै लगिनेछ।

**गाउँसभा सदस्यहरु,**

**४. वन वातावरण तथा विपद व्यवस्थापन**

**क) वन तथा वातावरण संरक्षणः**

१) नेपाल सरकार, प्रदेश सरकार तथा सम्बन्धित निकायसँगको समन्वय र सहकार्यमा वन संरक्षण, व्यवस्थापन, दीगो उपभोग र स्वच्छ वातावरणका लागि समुदायमा आधारित वन व्यवस्थापन प्रणालीको सुदृढिकरण गरिने छ ।

२) सामुदायिक वन संरक्षण तथा उपयोग सम्बन्धमा स्थानीयबासीको परिचालन तथा अपनत्व सिर्जना गर्ने खालका क्षमता विकास कार्यक्रम सामुदायिक वन उपभोक्ता समितिमार्फत सञ्चालन गरिनेछ।

३) वन क्षेत्रको वैज्ञानिक एवं दिगो व्यवस्थापन गरी वनजन्य उत्पादन अभिवृद्धिमा टेवा पुऱ्याइनेछ। सामुदायिक वन विकास कार्यक्रम, निजी वन विकास कार्यक्रमलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्न सम्बन्धित सरकारी तथा गैरसरकारी कार्यालयहरुसँग समन्वय गरिनेछ।

**ख) जलवायु परिवर्तन र विपद् व्यवस्थापनः**

१) जलवायुमैत्री तथा वातावरणमैत्री पूर्वाधारमा जोड दिएर जैविक विविधताको संरक्षण, संवर्द्धन तथा जलवायु अनुकूलन मार्फत पर्यापर्यटनको प्रवर्द्धनमा जोड दिइनेछ ।

२) स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना र जलवायु परिवर्तन स्थानीय अनुकूलनका योजना तथा कार्यक्रम सञ्चालन गरिनेछ। विपद्मा हुन सक्ने लैङ्गिक हिंसालाई ध्यानमा राखेर सचेतनामूलक सन्देश, सूचना सामाग्रीहरु सम्प्रेषण गरिनेछ।

३) विपद पश्चातको खोज, उद्धार, राहत, पुनर्स्थापना कार्यलाई योजनावद्ध व्यवस्थित गर्न पालिका तथा समुदायस्तरसम्म द्रुत प्रतिकार्य टोलीलाई आवश्यक सामग्री सहित तयारी अवस्थामा राखिनुका साथै विपद् व्यवस्थापन सूचना केन्द्रको रुपमा स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्रलाई सुदृढ गरिनेछ।

४) कुनै पनि प्राकृतिक तथा मानवीय कारणबाट हुन सक्ने जोखिमलाई न्यूनीकरण गर्न विपद् व्यवस्थापन क्षमतालाई अभिवृद्धि गर्नुका साथै पूर्व सूचना प्रणाली विकास तथा स्थापनामा जोड दिइनेछ। विपद् व्यवस्थापनका लागि वडास्तर र पालिकास्तरमा सञ्चालन हुने गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ।

५) हरेक निर्माण तथा पूर्वाधार विकासमा विपद् जोखिम आँकलन गरेर प्रकोप न्यूनीकरणका माध्ययमबाट कार्यान्वयन गर्नुपर्ने नीति कार्यान्वयन गरिनेछ ।

६) विपद जोखिम, न्यूनिकरण तथा व्यवस्थापन कार्यमा निजी क्षेत्रको संलग्नता संघ, प्रदेश र गैर सरकारी संघसंस्था संग सहकार्य गर्ने नीति अबलम्बन गरिनेछ ।

७) विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अध्यावधिक गरी विपद् पूर्व विपद् पश्चातका कार्यहरु सञ्चालन गर्न विपद् व्यवस्थापन कोष मजवुत बनाइनेछ साथै विपद् जोखिम न्यूनिकरणका लागि स्थानीय विपद् व्यवस्थापन समिति र वडास्तरीय समितिलाई सक्रिय बनाइनेछ ।

**५. सुशासन तथा संस्थागत विकासः**

१) डिजिटल नेपाल फ्रेमवर्क २०७६, भूमे गाउँपालिकाको डिजिटल रणनीति २०८१ बमोजिम सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, पारदर्शी, प्रविधिमैत्री र फेसलेस बनाउन, सिफारिस प्रणाली, आयोजना व्यवस्थापन प्रणाली, सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीको बायोमेट्रिक भेरिफिकेसन, PAMS, SuTRA जस्ता प्रणालिहरुको पूर्ण रुपमा प्रयोग गरिनेछ

२) सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेसागत अनुशासनप्रति प्रतिवद्ध, पारदर्शी, भ्रष्टाचारमुक्त, प्रविधियुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै लगिनेछ।

३) मासिक, चौमासिक तथा वार्षिक खर्च तथा प्रगतिको सार्वजनिकीकरण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, व्यवस्थापन परीक्षण, गुनासो व्यवस्थापनमा उपयुक्त विधि र पद्धति बमोजिम कार्यान्वयनमा ल्याईनेछ।

४) अन्य स्थानीय तह तथा संघसंस्थाहरुले गरेका राम्रा अभ्यासबाट ज्ञान आर्जन हुने खालका अध्ययन, अवलोकन भ्रमण कार्यक्रमहरु ल्याइनेछ। विनियोजनमा कुशलता र खर्च गर्ने क्षमता अभिवृद्धिमा जोड दिइनेछ। सार्वजनिक खरिद प्रणालीलाई प्रतिस्पर्धी, पारदर्शी र गुणस्तरीय बनाउँदै लगिनेछ।

५) स्थानीय पञ्जिकाधिकारीको कार्यालयलाई साधन स्रोत सम्पन्न बनाई वडास्तरबाट घटना दर्ता अभियानमार्फत व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापनलाई सहज र प्रभावकारी बनाइनेछ ।

६) सूचनाको हकलाई प्रवर्द्धन गर्न सूचना अधिकारीको क्षमता विकास, वडा तहसम्म गुनासो सुनुवाई संयन्त्र, नियमित स्वतः प्रकाशन जस्ता कार्यक्रमहरुलाई प्रभावकारी बनाइनेछ ।

७) नागरिकसंग भूमे सरकार, भूमे एप, भूमे साप्ताहिक र मासिक बुलेटिन, स्वतः प्रकाशन मार्फत सार्वजनिक सेवा प्रवाह र गाउँपालिकाको गतिविधि बारे आम नागरिकलाई सुसूचित गरिनेछ ।

८) गाउँपालिकाका सबै प्रकारका आधारभूत सूचनाहरु सूचना तथा अभिलेख केन्द्रमा उपलब्ध हुने र सामग्रीहरु सूचना केन्द्रमा अध्ययन गर्न सकिने व्यवस्था मिलाइनेछ।

९) अभिलेख व्यवस्थापनलाई प्रभावकारी बनाउन महत्वपूर्ण तथ्याङ्कको भण्डारणका लागि स्थापित सर्भरलाई सुदृढिकरण गरिनेछ ।

## ६. राजस्व तथा आन्तरिक श्रोत परिचालनः

१) गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ क्षेत्रहरु पहिचान गरिनेछ ।

२) सवै किसिमको ब्यापार व्यावसायलाई करको दायरामा ल्याउन कर संकलन विशेष अभियान संचालन गरिनेछ।

३) गाउँपालिका भित्र उपलब्ध हुने स्लेट ढुङ्गा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको उत्खननको लागि सम्भाव्यता अध्ययन गरी संकलनका लागि आवश्यक कानून निर्माण गरी राजश्व संकलन गरिनेछ ।

४) कर प्रणालीलाई सरल, सेवाग्राहीमैत्री र प्रविधीमैत्र बनाई अधिकतम कर संकलन हुने वातावरण सिर्जना गर्न दर भन्दा दायरा विस्तारमा जोड दिइनेछ ।

५) गाँउपालिका क्षेत्र भित्रका सम्पूर्ण करदाताहरुलाई सरोकारवालाहरुसंगको समन्वयमा करशिक्षा सम्बन्धी जानकारी गराई राजस्व चुहावट नियन्त्रण गर्ने नीति लिइनेछ ।

६) घरबहाल कर संकलनका लागि विशेष अभियान तथा करदाता सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।

**७. कानून न्याय तथा असल समाजः**

१) न्यायिक समितिका पदाधिकारीहरुको क्षमता विकास तालिम, मेलमिलापकर्ता उत्पादन, पुनर्ताजगी तथा संस्थागत सक्षमतामा वृद्धि गरी सामाजिक मेलमिलाप कायम गर्न न्यायिक समिति तथा मेलमिलाप केन्द्रहरुको सुदृढीकरणमा जोड दिइनेछ।

२) गाउँपालिकामा न्यायिक इजलास निर्माण तथा सबै वडाहरुमा मेलमिलाप केन्द्रलाई थप व्यवस्थित र प्रभावकारी बनाई सदभावयुक्त समाज निर्माणमा जोड दिइनेछ। न्यायिक समितिको कार्यप्रक्रिया, न्यायिक निरुपन तथा मेलमिलाप प्रवर्द्धन सम्बन्धी अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ।

३) न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरु शीघ्र र प्रभावकारी निरुपन गरी न्याय सम्पादन प्रक्रियालाई सुदृढ र पारदर्शी बनाईनेछ ।

**८. भूमी व्यवस्थापनः**

१) गाउँपालिकाले हालै मात्र जग्गा वर्गिकरण कार्य सम्पन्न गरेको छ । जग्गाको बर्गिकरण बमोजिम भू उपयोग योजना कार्यान्वयनमा ल्याइनेछ। सरकारी जमिनको नाँपजाँच तथा पहिचान गरी अभिलेखीकरण गरिनेछ । निजी, संस्थागत र सरकारी बाँझो जग्गाको सदुपयोग गर्ने नीति अंगिकार गरिनेछ ।

२) भूमीहिन दलित, अव्यवस्थित बसोवासीको समस्या समाधानको लागि तथ्याङ्क संकलन, प्रमाणिकरण र अभिलेखिकरण गरी भूमी समस्या समाधान आयोग सँग आवश्यक सहकार्य गरी जग्गा धनी प्रमाणपुर्जा वितरण गरिनेछ ।

३) गाउँपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालयहरु लगायत सार्वजनिक संस्थाहरु निर्माण भएको जग्गालाई उक्त सार्वजनिक संस्थाको नाममा जग्गाधनी प्रमाणपुर्जा कायम गरिनेछ ।

**९. वित्तीय सुशासनः**

१) वित्तीय सुशासन जोखिम न्यूनीकरण योजना बनाई वित्तीय व्यवस्थापनमा प्रकियागत जोखिम, नतिजाको जोखिम र वित्तीय अनुशासन जोखिम न्यूनीकरण गरिनेछ ।

२) वित्तीय सुशासन कायम गर्न आन्तरिक नियन्त्रण र आन्तरिक लेखापरीक्षण प्रणालीलाई थप प्रभावकारी बनाईनेछ।

३) गाउँपालिकाको अद्यावधिक बेरुजुको सम्बन्धमा आवश्यक कानून निर्माण गरी बेरुजु फछ्र्यौट गर्न आगामी आर्थिक वर्षलाई बेरुजु फछ्र्यौट वर्षको रुपमा अगाडी बढाईनेछ ।

**९. योजना तर्जुमा तथा कार्यान्वयनः**

१) अनुमानयोग्य र प्रभावकारी योजनाका लागि पूर्वाधार विकास गुरुयोजना, वस्ती विकास योजना, विस्तृत अध्ययन प्रतिवेदन, वातावरणीय अध्ययन प्रतिवेदनलाई अनिवार्य गरी परियोजना बैंक मार्फत क्रमशः कार्यान्वयन गर्दै लगिनेछ ।

२) वार्षिक विकास कार्यक्रम तर्जुमा गर्दा समावेशी तथा सहभागितामूलक योजना तर्जुमा प्रक्रियालाई अनिवार्य गरी मध्यमकालीन खर्च संरचनामा आधारित बनाइनेछ । साथै, गाउँपालिकाको योजना तर्जुमा गर्दा पर्याप्त अध्ययन, जोखिम विश्लेषण, लागत अनुमानमा आधारित दिर्घकालिन उपलब्धी दिन सक्ने ठुला आयोजनाहरुको तर्जूमा गर्ने कार्यको थालनी गरिनेछ ।

**१०. अनुगमन तथा मूल्याङ्कनः**

१) गाउँपालिकाभित्र भएका विकास निर्माण तथा अन्य कार्यक्रमको गुणस्तरीयता र नियमितता कायम गर्न अनुमगन तथा मूल्याङ्कन प्रणालिलाई नियमित र सूचकमा आधारित बनाइनेछ ।

२) गाउँपालिकास्तरीय अनुगमन समित, वडास्तरीय अनुगमन समिति र आयोजनागत अनुगमन समितिलाई सक्रिय बनाइ विकास निर्माण तथा अन्य कार्यक्रमको गुणस्तरीयता सुनिश्चित गर्ने कार्यमा सक्रिय बनाइनेछ ।

**११. मानव संशाधन तथा क्षमता विकासः**

१) सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउन जनप्रतिनिधी र कर्मचारीमा व्यवसायिकता प्रवर्द्धन गरिनेछ। साथै कर्मचारीहरुलाई प्रोत्साहन, पुरस्कार तथा क्षमता विकास तालिमको पनि व्यवस्था गरिनेछ।

२) उपलब्ध जनशक्तिलाई उच्च मनोबलका साथ आफ्नो योग्यता र क्षमता भरपूर सदुपयोग गर्ने र क्षमता विकास गर्ने वातावरण मिलाइनेछ। रिक्त दरबन्दी पदपूर्तिका लागि शीघ्र पहल गरिनेछ।

३) गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनलाई स्थानीय निजामती सेवा ऐन, २०८१ मा व्यवस्था भए बमोजिमका सेवा, समूह, तह, पदनामहरु संग अद्यावधिक गरी सूचिकृतको लागि प्रदेश सरकार समक्ष पेश गरिनेछ ।

४) भूमे गाउँपालिका अन्तर्गतका सम्पुर्ण करार, ज्यालादारीमा कार्यरत कर्मचारी तथा शिक्षकहरुलाई सामाजिक सुरक्षाकोषमा आबद्ध गर्न आवश्यक व्यवस्था गरिनेछ ।

**१२. समन्वय, सहकार्य र साझेदारीः**

१) गाउँपालिका क्षेत्रभित्र विभिन्न आयोजना तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्दा अन्तर तह, अन्तर पालिका, गैरसरकारी संघसंस्था तथा निजी क्षेत्र लगायत अन्य सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय, सहकार्य र साझेदारी गर्ने नीति अबलम्वन गरिनेछ ।

**सभाका सदस्यहरु,**

आर्थिक वर्ष २०८२/०८३ को यस नीति तथा कार्यक्रमले गाउँपालिकको समुन्नत नमूना गाउँपालिका निर्माण गर्ने आकाङ्क्षालाई आत्मसात् गरेको छ। यस नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट स्थानीय उत्पादकत्व वृद्धि, जीवनस्तरमा सुधार, सामाजिक संरक्षण तथा सुरक्षा र गुणस्तरीय सेवा सहज प्राप्त गर्न सहयोग गर्नेछ ।

तहगत सरकारले अघि सारेका दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य हासिल गर्न यस नीति तथा कार्यक्रमको कार्यान्वयनमा नेपाल सरकार, प्रदेश सरकार तथा अन्य निकाय, विकास साझेदार तथा आम गाउँपालिकाबासी सबैबाट साथ र सहयोग प्राप्त हुनेमा विश्वास गर्दछु ।

अन्त्यमा, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधानमा भएको व्यवस्था बमोजिम गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभामा प्रस्तुत गर्ने सु-अवसर प्रदान गर्नुहुने आम भूमे गाउँपालिकाबासी आमा बुवा, दाजु भाइ दिदिबहिनी तथा शुभच्छुक प्रति हार्दिक आभार प्रकट गर्दछु ।यो नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग गर्नुहुने गाउँपालिकाका सबै राजनीतिक दलहरु, राष्ट्रसेवक कर्मचारी, नागरिक समाज, सञ्चार जगत तथा सम्पूर्ण सरोकारवाला पक्षहरुमा हार्दिक धन्यबाद ज्ञापन गर्दछु ।

**धन्यबाद ! नमस्कार ।**

**होम प्रकाश श्रेष्ठ**

**अध्यक्ष**

**सम्बत् २०८२ साल असार ९ गते सोमबार ।**